# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन ७ गते २०१४साल

### अर्थ (आय) मन्त्रालयको सूचना

भंसारसम्बन्धी काममा कष्टम्स कमिश्नर अफिससँग सम्पर्क राख्ने।

०१४ साल वैशाख ९ गतेको भाग ४खण्ड ७ संख्या १ को गजेटमा, "अर्थ (आय) मन्त्रालयले गरी आएको काममध्ये भन्सारसम्बन्धी कामहरू २०१४ साल वैशाख १ गतेदेखि कष्टम्स कमिश्नर अफिस चालु भै सोही अफिसमार्फत हुने हुनाले नेपालभर मुलुकको भंसार अड्डाहरूले तथा गढी, गौंडा, गोश्वाराहरूले वैशाख १ गते २०१४ सालदेखि भंसार अड्डासम्बन्धी सबै रिपोट कष्टम्स कमिश्नर अफिसमा पठाउने गर्नु होला र सर्वसाधारण जनताले पनि भन्सारसम्बन्धी सबै मामिलामा कष्टम्स कमिश्नर अफिससँग सम्पर्क राख्नुहोला। क.क.अफिस हाल सिंहदरवार[दोश्रा चोक] मा रहेको छ"भन्ने प्रकाश भएकोमा प्राय विभाग अड्डा र सर्वसाधारणबाट सोबमोजिम क.क.आ. मा सम्पर्क नराखी सोझै अर्थ [आय] मन्त्रालयमा सम्पर्क राख्न आउनुभएकोले यो सूचना फेरि प्रकाश गर्ने काम भएको छ। भन्सारसम्बन्धी सम्पूर्ण काममा सोझै अर्थ [आय] मं. मा लेखा पढी गर्नु नभई उपरोक्त सूचनाबमोजिम क.क.आ. मा लेखापढी निवेदन जो गर्नु पर्दछ, गर्ने गर्नु होला।

आज्ञाले—

नीरराज,

सेक्रेटरी–अर्थमन्त्रालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

250
आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।